'सुरक्षित भविष्यका लागि सञ्चय कोष'

# सञ्चयकोष e-newsletter

वर्ष ३ । अंक ८ । २०७२ बैशाख, जेष्ठ, आषाढ

# कोषलाई बिपिए अवार्ड




माननिय अर्थमन्त्री डा. रामशरण महतबाट उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार ग्रहण गर्दै कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य । तस्वीर : आईक्यान

कर्मचारी सञ्चय कोषले नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था (आईक्यान) ले हरेक वर्ष प्रदान गर्दै आएको उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार (Best Presented Annual Report Awards ) आर्थिक वर्ष २०७०/७१ का लागि प्राप्त गर्न सफल भएको छ। विभिन्न विधाहरुमा नेपाल चार्टर्ड एकाउण्टेन्ट्स सँस्थाले प्रदान गर्ने उक्त पुरस्कार सार्वजनिक क्षेत्र निकाय अन्तर्गत कोषले लगातार दोस्रो पटक प्राप्त गरेको हो । नेपाल चार्टर्ड एकाउण्टेन्ट्स सँस्थाद्वारा आयोजित एक समारोहबीच २०७२ श्रावण ६ गते माननिय अर्थमन्त्री डा. रामशरण महतबाट उक्त पुरस्कार कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्यले ग्रहण गर्नु भएको थियो ।

# निगमलाई कोषको १० अर्ब ऋण

## नयाँ एअरबसबाट सेवा सुरु

कोषले नेपाल वायु सेवा निगमलाई २ वटा एयरबस खरिद गर्न १० अर्व रुपैयाँ ऋण सहयोग प्रदान गरेको छ ।

कोषले नेपालको पर्यटन क्षेत्रको विकासलाई सहयोग पुऱ्याउने उद्धेश्यले निगमलाई सो ऋण सहयोग प्रदान गरेको हो ।

नेपाल सरकारको जमानतमा प्रदान गरिएको सो ऋणबाट निगमले एयरबस ३२०–२०० खरिद गरी उडान समेत सुरु गरी सकेको छ ।

१५८ सिट क्षमता भएको पहिलो एयरबसले २०७१ फागुन १५ देखि व्यवसायिक उडान गरेको छ भने दोस्रो एयरबसले २०७२ बैशाख ३१ देखि व्यवसायिक उडान गरेको छ ।

यसअघि, एयरबसको निर्माण अवस्था अध्ययन गर्नका लागि कोषको तर्फबाट मुख्य अधिकृत हसना शर्माको नेतृत्वमा ४ सदस्यीय अवलोकन टोली एयरबस निर्माण भइरहेको स्थान जर्मनको ह्यामवर्ग गएको थियो ।

अवलोकन टोलीमा कोषको लगानी विभागका विभागीय प्रमुख दुर्गाप्रसाद सुवेदी, बरिष्ठ प्रबन्धक जीवनकुमार कटुवाल र परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभागका बरिष्ठ प्रवन्धक विजयकुमार श्रेष्ठ सहभागी हुनुहन्थ्यो ।

## भित्री पृष्ठमा

पृष्ठ २ कोषको सहभागीता :
- ३८ औं एडीएफआईएपी साधारण सभा

पृष्ठ 3 कोष समाचार :
- मानव संसाधन नीति तथा विकास योजना
- लेखा परीक्षक नियुक्त
- स्थायी पद पूर्तिका लागि कोषको आह्वान

पृष्ठ ६ सेवा परिचय :
- सञ्चयकर्ता औषधोपचार कार्यक्रम

# अपर तामाकोसीको सेयर बाँडफाँड

UTKHPL

अपर तामाकोसी जलविद्युत आयोजनाको लागि पहिलो चरणमा सेयर रकम जम्मा गरेका लगानीकर्ताहरुलाई सेयर बाँडफाँड गरिएको छ ।

२०७२ जेठ २९ गते कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताहरुको लागि १,८२,९९,५२० कित्ता, कम्पनी लाई ऋण प्रदान गर्ने सँस्थाका कर्मचारीहरुका लागि ३०,४९,९२० कित्ता र कम्पनी तथा विद्युत प्राधिकरणका कर्मचारीहरुका लागि ४०,६६,५६० कित्ता शेयर बाँडफाँड गरिएको हो । ... बाँकी पृष्ठ ३ मा »

### ३८ औं एडीएफआईएपी साधारण सभा

# दिगो पूर्वाधारका चुनौति र अवसरका लागि पूर्व तैयारी आवश्यक

गत मे १३ देखि १५ सम्म भियतनामको न्हा त्राङमा एसोसिएसन अफ डिभलपमेन्ट फाइनान्सिंग ईन्स्टिच्युसन अफ एसिया प्यासिफिक (एडीएफआईएपी) को अठतीसौं साधारण सभा सम्पन्न भएको छ ।

सो साधारण सभामा कर्मचारी सञ्चय कोषको तर्फबाट का.मु. मुख्य अधिकृत राजेन्द्र काफ्ले र विभागिय प्रमुख जितेन्द्र धितालको सहभागीता रहेको थियो । कोषले सन् २०१४ मा एडीएफआईएपीको साधारण सदस्यता प्राप्त गरे को हो ।

साधारण सभाको नारा 'दिगो पूर्वाधारको चुनौति र अवसर का लागि एसिया प्यासिफिक क्षेत्रको आवश्यक तयारी' रहेको थियो ।

साधारण सभामा एडीएफआईएपीका सदस्य संस्थाहरु, सदस्यहरु लगायत आमन्त्रित गरी ३० देशका १५० जनाको सहभागीता रहेको थियो ।

सभाले एसिया प्रशान्त क्षेत्रको दिगो विकासका लागि बढदो अवसर र चुनौति र आवश्यक तयारीको सन्दर्भमा विस्तृत छलफल गरी नीतिगत संरचना, कार्यान्वयन पद्धति र यसको उपयोगिताको बारेमा बहुपक्षिय निष्कर्ष तय गरेको थियो । भियतनाम डिभलपमेन्ट बैंकको आतिथ्यमा आयोजित दुई दिने बैठकमा रशिया, फिलिपिन्स, बेलारुस, भियतनाम लगायतका विकास बैंकहरुबाट भोगी आएको चुनौति र अवसरहरुका बारेमा कार्यपत्र प्रस्तुत गरिएको थियो । एडीएफआईएपीको साधारण सभाले सदस्य तथा अन्य सरोकारवालाहरुलाई चालु र नयाँ विकासका मुद्दाहरुको पहिचान एवं तिनको समाधानका लागि अवलम्बन गरिँदै आएको उपायहरुको बारेमा अनुभवको आदानप्रदान गर्न उपयुक्त मञ्च प्रदान गर्दै आएको छ ।



एसोसिएसन अफ डिभलपमेन्ट फाइनान्सिंग ईन्स्टिच्युसन अफ एसिया प्यासिफिक (एडीएफआईएपी)को अठतीसौं साधारण सभामा संस्थागत सहभागीहरु ।

*तस्वीर : एडीएफआईएपी*

## कोषको एस.एम.एस. (SMS) सेवा सम्बन्धि जानकारी

- हाललाई नेपाल टेलिकमको GSM मोवाईल प्रयोगकर्ता सञ्चयकर्ताले आफनो सञ्चय कोष रकम, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण बुझ्न यो सेवा प्रयोग गर्न सक्नेछ ।
- यो सेवा लिन चाहने सञ्चयकर्ताले कोषवाट निर्धारित आवेदन फाराम (कोषको website वाट डाउनलोड गर्न सकिने ) भरेर Username ,र pincode कोषवाट लिनु पर्नेछ ।
- कोषवाट Username, password र pincode लिएका सञ्चयकर्ताले आफनो मोवाईलको Message Box मा गएर कोषले आफुलाई उपलब्ध गराएको pincode टाइप गरेपछि space दिएर BAL टाईप गरी ५७५० मा SMS पठाउनु पर्दछ ।
- सञ्चयकर्ताले पठाएको SMS को जवाफमा कोषले सञ्चयकर्ताको कोष रकम, विशेष सापटी, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण SMS मार्फत मोवाईलमा पठाउनेछ ।
- कोषका सवै शाखावाट यो सेवा प्राप्त हुने व्यवस्था छ । यो सेवा उपयोग गरे वापत सेवा प्रदायक नेपाल टेलिकमले लिने दस्तुर मात्र लाग्नेछ ।

# कोष र आईएलओको संयुक्त आयोजनामा

# सामाजिक सुरक्षा विषयक अन्तर्क्रिया कार्यक्रम

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) र कर्मचारी सञ्चयकोषको संयुक्त आयोजनामा सामाजिक सुरक्षा: एक अवलोकन विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।



पुल्चोकस्थित कोषको प्रधान कार्यालयमा आयोजित सो कार्यक्रममा कोषका प्रशासक लगायत बरिष्ठ अधिकृतहरुको सहभागिता रहेको थियो।

सो कार्यक्रममा आईएलओका प्रतिनिधि फागुमान सिंहले सामाजिक सुरक्षाको बदलिँदो अवधारणालाई समय सापेक्ष रुपमा परिवर्तन गर्दै लैजानुपर्ने बताउनु भयो।

विश्वमा सरकारहरुले अवलम्बन गर्दै आएको सामाजिक सुरक्षाको अवधारणामध्ये सञ्चय कोषको अवधारणा पुरानो र यसले सबै प्रकार का सुरक्षणका व्यवस्थाहरुलाई समेटन नसकने बताउँदै सिंहले भन्नु भयो, "अब हामी पेन्सन फन्डको मार्फत सामाजिक विमातर्फ परिलक्षित हुन आवश्यक छ।"

"यसका लागि सामाजिक सुरक्षाको प्रमुख साधन श्रम कानुन लगायत सामाजिक सुरक्षाको क्षेत्रमा कार्यरत कर्मचारी सञ्चय कोष जस्तो संस्थाको कार्य पद्धतिमा आमूल परिवर्तन गर्दै अगाडि बढनुको विकल्प छैन।"

यसैगरी, सिंहले कोषमा कार्यरत तीनवटै कर्मचारी युनियनका पदाधिकारी एवं युनियनकर्मीहरुसँग समेत अन्तर्क्रिया गर्नु भएको थियो।

सिंहका अनुसार सामाजिक सुरक्षालाई अधिकारको रुपमा स्थापित गराउन कर्मचारी युनियनले दबाब समूहका रुपमा प्रभावकारी भूमिका खेल्न सक्ने भएकोले यसलाई प्रभावकारी रुपमा विस्तार गर्नुपर्ने आवस्यकता रहेको छ।

कार्यरत युनियनहरुले आवद्ध कर्मचारीहरुबीच छलफल, अन्य युनियनहरुसँग कार्यगत एकताका साथै सरकारसँग सामूहिक लेनदेन गर्दै कामदारहरुको सामाजिक सुरक्षाका लागि भरपर्दो भूमिका निर्वाह गर्न सक्नेमा सिंहले जोड दिए।

विश्वका कामदारहरुको हितमा स्थापना भएको अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले सन् १९४० मा सामाजिक सुरक्षाको मूलभुत सिद्धान्तको प्रतिपादन गर्दै यसको परिपालनामा प्रतिबद्धता देखाउँदै आएको छ।

संयुक्त राष्ट्र संघको विशिष्टिकृत संस्था भएको र यसमा आवद्ध सदश्य राष्ट्रहरुले यसका प्रतिवद्धताहरुलाई अवलम्बन गर्न बाध्य पनि भएको ले सामाजिक सुरक्षाको क्षेत्रमा क्रमिक विकास हुँदै आएको छ।

आईएलओको घोषणा अनुसार कामदारहरुका लागि मेडिकल केयर, अनइम्प्लोइमेन्ट बेनिफिट, ओल्ड एज बेनिफिट, इम्प्लोइमेन्ट इन्ज्युरी बेनिफिट, फेमिली बेनिफिट, मेटरनिटी बेनिफिट, इनभेलिडिटी बेनिफिट र सर्वाइभल बेनिफिटलाई सामाजिक सुरक्षाको मुख्य कार्यक्रमका रुपमा समेटिएको छ।

सदश्य राष्ट्रहरुले घोषित कार्यक्रमहरुलाई मापदण्ड मान्दै आआफ्नो क्षमता अनुसार लागु गर्नुपर्ने बाध्यता रहेको छ। तर विकसित राष्ट बाहेक अधिकांश विकासशिल र अल्पविकसित राष्ट्रहरुले उक्त मापदण्ड भन्दा पनि न्युन सामाजिक सुरक्षा कार्यक्रम लागु गरेकाले सामाजिक सुरक्षा विश्वसामु एक चुनौतिका रुपमा रहेको अनुभव गरिएको छ।

# स्थायी पद पूर्तिका लागि कोषको आह्वान



कोषद्वारा हालै प्रकाशित पदपूर्तिको विज्ञापनअनुसार आवेदन भर्न व्यस्त युवाहरू *तस्वीरःयोजना*

कर्मचारी सञ्चय कोषले कोषमा खाली रहेको विभिन्न प्रशासनिक तथा प्राविधिक पदहरुको लागि खुला प्रतियोगितात्मक परिक्षाद्वारा पूर्ति गर्न सूचना प्रकाशित गरेको छ।

२०७२ असार १४ गते प्रकाशित सूचना अनुसार खुला प्रतियोगिताबाट पूर्ति गर्नुपर्ने पदहरुमा बरिष्ठ प्रबन्धक (सीए)-१, शाखा अधिकृत-५, समावेशी शाखा अधिकृत-३, प्रमुख सहायक-२३, समावेशी प्रमुख सहायक-१९, बरिष्ठ कम्प्युटर सहायक-२ र समावेशी बरिष्ठ कम्प्युटर सहायक-१ रहेका छन्।

त्यसैगरी, कोषमा रिक्त रहेको विभिन्न पदहरु कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (दशौं संसोधन सहित) नियमावली २०४८ अनुसार आन्तरिक प्रतियोगितात्मक परिक्षाद्वारा पूर्ति गर्न समेत सूचना प्रकाशित गरिएको छ।

२०७२ असार २ गते प्रकाशित सूचना अनुसार आन्तरिक प्रतियोगिताबाट पूर्ति गर्नुपर्ने पदहरुमा नायब मुख्य अधिकृत-१, प्रबन्धक-१, बरिष्ठ शाखा अधिकृत प्रशासन-१, बरिष्ठ शाखा अधिकृत कानून-१ र शाखा अधिकृत-२ रहेका छन्।

*... बाँकी पृष्ठ ४ मा »*

## कर्मचारी सञ्चय कोष

# मानव संसाधन नीति तथा विकास योजना, २०७२

कर्मचारी सञ्चय कोषले हालसालै तयार गरेको मानव संसाधन नीति तथा विकास योजना २०७२ सञ्चालक समितिले पारित गरेको छ। सो नीतिमाथि सरोकार राख्ने कोषका कर्मचारीहरुसँग राय तथा सुझाव माग गरिएको थियो।

कोषको गतिशीलता तथा प्रभावकारिता अभिवृद्धि गरी संस्थाप्रति संचयकर्ताको विश्वास कायम राख्न, वित्तीय साधनको कुशल परिचालन गर्न एवं नव प्रवर्तनीय सामाजिक सुरक्षाका कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्न योग्य र दक्ष जनशक्तिको आवश्यकता तथा योजनालाई विचार गर्दै यो नीति तर्जुमा गरिएको हो। मानव संसाधन नीति तथा विकास योजनाको प्रमुख उद्देश्य सञ्चयकर्ताको हित, सुविधा तथा सेवा प्रवाहलाई व्यवस्थित गर्ने तथा कार्यरत र अन्य आवश्यक कर्मचारीहरुको व्यवस्थित र प्रभावकारी परिचालन गर्ने रहेको छ।

नीतिका अन्य उद्देश्यहरुमा नीतिको सार्वजनिक व्यवस्थापन र शासकीय प्रणालीमा आइरहेको परिवर्तन अनुरूप कोषको सेवामा सुधार तथा विकास गर्न सक्षम मानव संसाधन प्राप्त तथा उपयोग गर्ने रहेको छ।

त्यस्तै सार्वजनिक व्यवस्थापनमा आएको परिवर्तनलाई आत्मसात गर्दै कोषको बढ्दो जिम्मेवारी र कार्यक्षेत्र अनुरुप कार्यसम्पादन गर्न सक्षम, पेशागत रुपले दक्ष मानव संसाधन हासिल गर्ने, व्यवसायिक, क्षमतावान एवं प्रतिभावान तथा उत्पादनमूलक मानव संसाधनलाई कोषको सेवामा आकर्षित र उत्प्रेरित गर्ने, कोषलाई कार्य सम्पादन युक्त र दक्षतापूर्वक सेवा प्रवाह गर्न सक्षम तुल्याउने, कार्य सम्पादनमा आधारित पद्दति संस्थागत गर्ने र कोषको मानव संसाधन व्यवस्थापनलाई संगठनात्मक विकासका दृष्टिकोणले योगदानमुखी र नतिजामुखी बनाउने उद्देश्य समेत रहेको छ।

## कर्मचारीहरुको कार्य विवरण तयार

यसैबीच, कोषमा २०६९ सालमा लागु भएको संगठनात्मक संरचना अनुरूपको कर्मचारीहरूको कार्य विवरण २०७२ तयार भएको छ। सो कार्य विवरण अनुसार लागु भएका पदनाम र सो कर्मचारीको काम, कर्तव्य र अधिकार स्पष्ट भई प्रभावकारी कार्य सम्पादन र सेवा प्रवाहमा सहयोग पुग्ने देखिएको छ।

## अपर तामाकोसीको सेयर...

सेयर बाँडफाँड प्रबन्धकको रुपमा रहेको नागरिक लगानी कोषका अनुसार आयोजनाका लागि ऋण सम्झौता हुँदाका बखत कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरेका सञ्चयकर्ताहरु, कम्पनीलाई ऋण प्रदान गर्ने सँस्थाका कर्मचारीहरु तथा कम्पनी र नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरुका लागि पहिलो चरणमा साधारण सेयर निष्काशन गरिएको थियो।

कोषले २०७१ फागुन ११ गते उल्लेखित संस्थाका कर्मचारीहरु लगायत २०६७ साउन १४ गते सम्म कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताहरुका लागि २,५४,१६,००० कित्ता सेयरका लागि सेयर आह्वान पत्र सार्वजनिक गरेको थियो।

## लेखा परीक्षक नियुक्त

कोषको आर्थिक वर्ष २०७१/०७२ को अन्तिम लेखा परीक्षणका लागि लेखापरीक्षकको नियुक्ति भएको छ। तोकिएको समयभित्रै लेखा परीक्षण गर्दै आएको कोषको आर्थिक वर्ष २०७१/०७२ को लागि पी आनन्द एण्ड एसोसिएटसका पीयुष आनन्द लेखापरीक्षकको रुपमा नियुक्त भएका हुन्। महालेखा परीक्षकको कार्यालयको सिफारिसमा कोष सञ्चालक समितिले उनको नियुक्ती गरेको हो। लेखा परीक्षकले लेखा परीक्षण प्रतिवेदन बुझाउन २०७२ कात्तिक मसान्ततकको अवधी तोकिएको छ।

## स्थायी पद पूर्ति...

कोषमा रिक्त रहेको विभिन्न पदहरु सञ्चय कोष, कर्मचारी सेवा शर्त (दशौं संसोधन सहित) नियमावली २०४८ अनुसार मूल्यांकन बढुवाद्वारा पूर्ति गर्न पनि सूचना प्रकाशित गरिएको छ। ०७२ जेठ २ गते प्रकाशित सूचना अनुसार मूल्यांकन बढुवाद्वारा पूर्ति गर्नुपर्ने पदहरुमा ना.मु.अ-१, बरिष्ठ प्रबन्धक-१, बरिष्ठ प्रबन्धक(सीष्टम)-१, प्रबन्धक-२, बरिष्ठ शाखा अधिकृत-२, बरिष्ठ शाखा अधिकृत (प्रोग्रामर)-१, शाखा अधिकृत-४ र शाखा अधिकृत प्राविधिक-१ रहेका छन्।

पदपूर्ति सम्बन्धी अन्य आवश्यक जानकारी कोषद्वारा प्रकाशित सूचनामा विस्तृत रुपमा उल्लेख गरिएको छ।

सञ्चयकोषको व्यवस्था भविष्यको सुरक्षा

कोषको e-service सेवा मार्फत आफू बसेको ठाउँबाट सञ्चयकोष कट्टी, सापटी कट्टीको हिसाब र सञ्चयकोषद्वारा प्रदान गरिने सेवा सम्बन्धी जानकारी लिएर लाभ उठाऔं।

# सञ्चय कोष औषधोपचार सहयोग कार्यक्रम, २०७०

सञ्चयकर्ताको हित र सुविधाको लागि कोषले २०७० साल वैशाख देखि यो कार्यक्रम संचालन गरिएको छ। यस कार्यक्रम अन्तर्गत कोषले तोकेको अस्पतालमा उपचार गराए वापत अधिकतम रु १५ हजार सम्म तथा कडा रोगको उपचार गराएवापत रु ३५ हजार सम्मको रकम सञ्चयकर्ताले कोषवाट शोधभर्ना स्वरुप पाउने व्यवस्था गरिएको छ। यो सुविधा पाउन दुई वर्ष सेवा अवधि पुगनु पर्ने र नोकरी अवधिमा ३ पटकसम्म प्राप्त गर्न सक्नेछ।

**यस कार्यक्रम अन्तर्गत सुविधा लिनको लागि देहाएका तोकिएका अस्पतालमा उपचार गराएको हुनु पर्ने**

क. नेपाल सरकारको केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल, जिल्ला अस्पताल

ख. वीर अस्पताल, शिक्षण असपताल महाराजगञ्ज, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुर, वि.पि. क्यान्सर अस्पताल भरतपुर, भक्तपुर क्यान्सर अस्पताल, सरुवारोग अस्पताल टेकु, नेपाल राष्ट्रिय क्षयरोग अस्पताल ठिमी, वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, गङ्गालाल हृदय रोग उपचार केन्द्र वासवारी, भक्तपुर मानव अंग प्रत्योरापण केन्द्र अस्पताल, वीरेन्द्र सैनिक अस्पताल र नेपाली सेनाका क्षेत्रीय अस्पतालहरुमा उपचार गराउनु पर्नेछ, राष्ट्रिय मृगौला उपचार केन्द्र बालाजु, नेपाल आखा अस्पताल त्रिपुरेस्वर, तिलगंगा आखा अस्पताल, निजामती कर्मचारी अस्पताल मीनभवन, नेपाल प्रहरी अस्पताल, सशस्त्र प्रहरी अस्पताल

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताहरुका लागि "सञ्चय कोष औषधोपचार सहयोग कार्यक्रम, २०७०" लागु गरेको छ।

कर्मचारी सञ्चय कोष ऐन, (संशोधन सहित) २०१९ को दफा १९ (छ) को व्यवस्था अनुरुप सञ्चयकर्ताको स्वास्थ्य उपचार गर्दा भएको खर्चमध्ये निश्चित रकमसम्म सञ्चय कर्ता कर्मचारीलाई कोषले आफ्नो स्रोतबाट शोधभर्ना गरी सामाजिक सुरक्षा प्रदान गर्न यो कार्यक्रम लागु गरेको हो।

- सेवा अवधीभित्र रोग लागी उपचारको निमित्त तोकिएको अस्पतालमा भर्ना भएको सञ्चयकर्तालाई यस कार्यक्रम बमोजिम उपचार गर्दा अधिकताम १५ हजार वा दावी गरेको उपचार खर्चको ५० प्रतिशतमध्ये जुन कम हुन्छ सो सीमासम्म उपलब्ध गराइने छ। त्यस्तै कडा रोगको उपचारको हकमा अधिकतम सीमा ३५ हजार वा दावी गरेको उपचार खर्चको ५० प्रतिशतमध्ये जुन कम हुन्छ सो सीमासम्म उपलब्ध गराइने छ। यो कार्यक्रम २०७० बैशाख १ गते देखि लागु भई कार्यान्वयनमा रहेको छ।

- कोषमा नियमित रुपमा कोषकट्टी गरिरहेका सञ्चयकर्ताहरुले यो सुविधा प्राप्त गर्न सक्नेछन्। यस कार्यक्रम बमोजिम पाउने उपचार खर्चको लागि अस्पतालबाट डिस्चार्ज भएको मितिले ३ महिनाभित्र कोषमा निवेदन दिई सक्नु पर्नेछ। नेपाल सरकारका केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल तथा जिल्ला लगायत अनुसुचीमा तोकिएको अस्पतालहरुमा भर्ना भई उपचारमा भएको खर्चमात्र शोधभर्ना योग्य हुने कोषको व्यवस्था छ।

- कार्यक्रम अनुसार शोधभर्ना हुने उपचार खर्चमा अस्पतालले लिएको शुल्क तथा खर्चहरु, उपचारको क्रममा अस्पतालले शिफारिस गरेको औषधी तथा उपचार सामग्रीहरु र रोग निदानका लागि अस्पतालमा गरिएको प्रयोगशाला परीक्षण खर्च रहेको छ।

- नोकरी अवधी २ वर्ष पुरा नभएका सञ्चयकर्ताहरुले यो सुविधा पाउने छैनन्। तमाम नोकरी अवधीमा बढीमा ३ पटक सम्ममात्र तोकिएको सीमा ननाघ्ने गरी सञ्चयकर्तालाई यो सुविधा दिइने छ।

- यो सुविधा लिन चाहने सञ्चयकर्ताले तोकिएको ढांचामा आवश्यक कागजातको सक्कल र आफ्नो कार्यालयको सिफारिस सहित अस्पतालबाट डिस्चार्ज भएको ३ महिना भित्र कोषमा निवेदन दिई सक्नु पर्नेछ। उपचारको क्रममा मृत्यु हुने सञ्चयकर्ताको हकवालाले तोकिएको प्रक्रिया अनुसार प्रस्तुत बिलमा उल्लिखित रकम भूक्तानी प्राप्त गर्न सक्नेछन्। सुविधा प्राप्त गर्न कोषमा पेश हुन आएका निवेदनको परिक्षण गर्दा कुनै कुरा अस्पष्ट भएमा कोषले सञ्चयकर्ता वा अस्पतालसंग सम्पर्क गरी आवश्यक कागजात तथा सूचना माग गर्न सक्ने छ।

- यदि कुनै सञ्चयकर्ताले गलत बिल भरपाई पेश गरी उपचार रकम शोधभर्ना लिने प्रयास गरेको पाईएमा त्यस्तो निवेदकको नाम कालोसूचीमा राखीने र शोधभर्ना लिई सकेको भएमा त्यसरी लिएको रकम निजले कोषकट्टी रकम भुक्तानी लिंदाको अवस्थामा कोषकट्टी रकमबाट कोषले विशेष सापटी रकममा लिने व्याजदरका आधारमा व्याज समेत हिसाव गरी असुल उपर गरिने व्यवस्था छ।

- औषधोपचार सहयोग कार्यक्रम २०७०को बारेमा सञ्चयकर्ताहरुले नजिकका कोषको कार्यालयहरुमा वा ठमेल स्थित सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागबाट थप जानकारी प्राप्त गर्न सक्नेछन्।

सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग,
त्रि-देवि मार्ग, ठमेल
सम्पर्क फोन नं: ४२२३३२०, फयाक्स नं: ०१-४२२३०८८
noticeboard service number:1618014225386
**www.epfnepal.com.np**

## कोषको दुरदृष्टि
(VISION)

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भुमिकाद्वारा कोषलाई अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

## दीर्घकालीन लक्ष
(MISSION)

प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

•

नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रूपमा परिचित तुल्याउने ।

•

सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार *(A happy big family of satisfied members)* बनाउने ।

•

कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

## व्यवस्थापकीय मूल्य मान्यता

- निष्पक्षता र तटस्थता
  *(Fairness and Neutrality)*
- जवाफदेहिता र पारदर्शिता
  *(Accountability and Transparency)*
- सेवाको गुणस्तरमा निरन्तर सुधार
  *(Continuous Improvement in Quality of Service)*
- कार्यदक्षता र प्रभावकारिता
  *(Efficiency and Effectiveness)*
- नतिजा उन्मुख
  *(Result Orientation)*
- सहकार्य र सहभागिता
  *(Team Work and Participation)*

## सम्पादन समूह

संयोजक
विभागिय प्रमुख श्री लक्ष्मीप्रसाद श्रेष्ठ

सदस्य
विभागीय प्रमुख श्री रोचन श्रेष्ठ

सदस्य
बरिष्ठ प्रबन्धक श्री जीवनकुमार कट्वाल

सदस्य
बरिष्ठ प्रबन्धक श्री हेमन्तराज अधिकारी

सचिव
शाखा अधिकृत श्री ओजस्वी गौतम

लेआउट/डिजाइन:
राजेन्द्रविक्रम केसी

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५०१०१८०
website : www.epfnepal.com.np